

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २ गते मंगलबार ❑ 17 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## वातावरण संरक्षणमा न्यायपालिकाको भूमिका महत्वपूर्ण

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

वातावरण तथा वन्यजन्तु संरक्षणमा न्यायपालिकाको भूमिका महत्वपूर्ण हुनेमा जोड दिइएको छ । पोखरामा दुईदिनसम्म चलेको 'वातावरणीय तथा वन्यजन्तु संरक्षणसम्बन्धी सवालहरूमा न्यायिक दृष्टिकोण' विषयक कार्यशाला गोष्ठीमा वातावरणीय न्यायको क्षेत्रमा न्यायपालिकाबाट महत्वपूर्ण फैसला गरेको औँल्याइएको थियो ।

न्यायाधीश समाज नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा आयोजित उक्त गोष्ठीमा पोखरा महानगरका प्रमुख धनराज आचार्यले वातावरणको मुद्दा न्यायको विषय भएको बताउनुभयो । विकसित देशहरूले गरिरहेको कार्बन उत्सर्जनका कारण नेपालले वातावरणीय क्षति व्यहोर्नुपरेको जनाउँदै नेपालले जलवायु क्षतिपूर्ति पाउनुपर्ने उहाँको भनाइ थियो । गण्डकी प्रदेश सरकारका वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेलले वातावरण क्षेत्रमा तल्लो तहबाटै न्याय निरुपणको आवश्यकता रहेको बताउनुभयो । उहाँले वन क्षेत्रको जिम्मेवारी प्रदेश तहलाई दिनुपर्ने बताउनुभयो । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवरले वन्यजन्तु अपराध संसारको चौँथो ठूलो सङ्गठित अपराध भएको उल्लेख गर्नुभयो ।

वातावरणीय मुद्दाका विषयमा अन्तर्राष्ट्रिय अदालत हेगमासमेत हाले सम्मेलन भएको र नेपालले जलवायु न्यायको विषय उठाएको उहाँको भनाइ थियो । वातावरण तथा वन्यजन्तु अपराधसँग सम्बन्धित विषयहरूमा न्यायालयले गरेका फैसलालाई सरकारले कार्यान्वयन गरेको जनाउँदै वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले वातावरण संरक्षण सबैको दायित्व रहेको उल्लेख गर्नुभयो । कोषका अध्यक्षसमेत रहनुभएका मन्त्री शाहीले वातावरणीय न्यायका विद्यमान चुनौती र समस्यालाई सूक्ष्म तबरबाट विश्लेषण गरी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म लैजानुपर्ने बताउनुभयो । उहाँले संसार जलवायु परिवर्तन, जैविक विविधताको क्षय र प्रदूषणको सङ्कटबाट गुज्रिएको बताउँदै यी विषयमा राज्यका सबै निकायको समान बुझाइ आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लले दुई विकसित र औद्योगिक राष्ट्रका बीचमा रहेकाले नेपाल वातारणीय सङ्कटको उच्च जोखिममा रहेको बताउनुभयो । उहाँले वातावरणीय अध्ययन प्रतिवेदनलाई अदालतले गम्भीर दस्तावेजका रूपमा लिने भएकाले उक्त प्रतिवेदनलाई सामान्यरूपमा नलिन आग्रह गर्नुभयो ।

न्यायाधीश मल्लले संरक्षण र उपभोग गर्दा वातावरणलाई धेरै क्षति गर्न नहुने बताउनुभयो । गोष्ठीमा पूर्वप्रधानन्यायाधीश मिनबहादुर रायमाझीले सिद्धान्तमा आधारित न्याय सम्पादन गर्नुपर्ने बताउनुभयो । आइतबार वातावरणीय न्यायका सवालमा तीनवटा सत्रमा छलफल भएको राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य-सचिव डा नरेश सुवेदीले जानकारी दिनुभयो ।

विषय विज्ञहरूले सो सम्बन्धमा बनेका राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुन, तिनको कार्यान्वयन अवस्था, चुनौती र समाधानबारे आफ्नो प्रस्तुतीकरण राखेका थिए । कोषले न्यायाधीश समाजसँगको सहकार्यमा विभिन्न तहका अदालतका गरी सय भन्दा बढी न्यायाधीशहरूलाई यस विषयमा जानकारी दिइसकेको कोषअन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्रका प्रमुख डा रवीन कडरियाले जानकारी दिनुभयो । कार्यशाला गोष्ठीको शनिबार प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले उद्घाटन गर्नुभएको थियो ।

## लामिछानेमाथिको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाइयो

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछानेमाथिको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाइएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीले सोमबार सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको प्रहरीका प्रवक्ता वसन्तकुमार शर्माले जानकारी दिनुभयो । सहकारी ठगीसम्बन्धी मुद्दामा कात्तिक २ गते काठमाडौँबाट प्रक्राउ गरी उहाँलाई पोखरा ल्याइएका थियो ।

## पत्रकार महासंघको अध्यक्षमा शर्मा निर्वाचित

**रासस**
काठमाडौं, १ पुस



नेपाल पत्रकार महासङ्घको अध्यक्षमा निर्मला शर्मा विजयी हुनुभएको छ । महासङ्घको केन्द्रीय निर्वाचन समितिले आइतबार अबेर सार्वजनिक गरेको मतपरिणामअनुसार शर्माले चार हजार दुई सय ८२ मत प्राप्त गरी निर्वाचित हुनुभएको हो ।

उहाँका निकटतम प्रतिद्वन्द्वी रमेश विष्टले तीन हजार दुई सय तीन मत प्राप्त गर्नुभयो । अध्यक्षका अर्का उम्मेदवार देवीप्रसाद सापकोटाले दुई सय ७० र लालसिंह लामाले ९६ मत प्राप्त गर्नुभयो ।

वरिष्ठ उपाध्यक्षमा दीपक आचार्यले चार हजार दुई सय ३० मत प्राप्त गरी निर्वाचित हुँदा निकतम प्रतिस्पर्धी रोशन पुरीले दुई हजार आठ सय ८६ मत प्राप्त गर्नुभयो । उपाध्यक्ष महिलामा नितु पण्डितले चार हजार सात सय पाँच मत प्राप्त गरी विजयी हुँदा गङ्गा पौडेल बरालले दुई हजार छ सय ४४ मत प्राप्त गर्नुभयो । उपाध्यक्ष समावेशीमा उमिदप्रसाद बागचन्दले चार हजार दुई सय ९२ मत प्राप्त गरी विजयी हुनुभयो । उहाँका निकतम प्रतिद्वन्द्वी सुभाषप्रसाद साहले दुई हजार ८० मत प्राप्त गर्नुभयो । महासचिवमा रामप्रसाद दाहालले चार हजार ८४ मत प्राप्त गरी विजयी हुँदा निकतम प्रतिद्वन्द्वी लेखनाथ न्यौपानेले एक हजार नौ सय २९ मत प्राप्त गर्नुभयो । सचिव खुलामा रमेश खतिवडाले तीन हजार चार सय मत प्राप्त गरी जित निकाल्नुभयो । सचिव महिलामा सोनी शर्माले चार हजार तीन सय ४७ मत प्राप्त गरी विजयी हुनुभयो । त्यस्तै, सचिव आदिवासी जनजातिमा सविन प्रियासनले तीन हजार पाँच सय ३५, सचिव मधेशीमा अशोककुमार तिवारीले तीन हजार आठ सय ५८ मत प्राप्त गरी विजयी हुनुभयो । सचिव दलिततर्फ प्रकाश धौलाकोटीले चार हजार एक सय १०, सचिव एशोसिएटतर्फ बैकुण्ठराज पराजुलीले तीन हजार छ सय ४५ मत प्राप्त गरी जित हासिल गर्नुभयो । कोषाध्यक्षतर्फ रामकृष्ण अधिकारीले तीन हजार आठ सय ४७ मत प्राप्त गरी विजयी हुनुभयो । कोशी प्रदेशतर्फबाट केन्द्रीय सदस्यमा कमल रिमालले पाँच सय २७

बाँकी अन्तिम पृष्ठमा ▶▶

## वार्षिक डेढ अर्ब डलरको मासु चीन निर्यात गर्ने समझदारी

**रासस**
काठमाडौं १ पुस




नेपाल र चीनका निजी क्षेत्रबीच नेपालबाट वार्षिक डेढ अर्ब अमेरिकी डलरको राँगाभैँसीको मासु निर्यात गर्नेसम्बन्धी समझदारी भएको छ ।

सोमबार यहाँ आयोजित कार्यक्रममा नेपालको हिमालयन फुड इन्टरनेशनल र चीनको साङ्घाई जियान फुड कम्पनी लिमिटेडबीच सोसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । समझदारीसँगै सो कम्पनीले पहिलो चरणमा वार्षिक उक्त मूल्य बराबरको मासु निर्यात गर्ने लक्ष्य राखेको छ । चीनमा वार्षिक २७ लाख मेक्टिक्टन मासु आयात हुने तथ्याङ्क छ । हिमालयन फुड इन्टरनेशनलको सहकार्यमा रु छ अर्ब लागतमा पूर्ण स्वचालित आधुनिक पशु बधशाला आउँदो छ महिनाभित्र निर्माण सम्पन्न गर्ने समझदारी बनेको छ ।

हिमालयन फुड प्रशोधित मासु निर्यातका लागि २०६८ मा स्थापना भएको थियो । कम्पनीले विभिन्न मुलुकमा प्रशोधित मासु निर्यात गर्दै आइरहेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको औपचारिक चीन भ्रमणका क्रममा नेपाल र चीनबीच प्रशोधित राँगाभैँसीको मासु चीन निर्यात गर्नेसम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको थियो ।

चीनमा छ हजारभन्दा बढी 'आउटलेट' भएको खाद्यान्न तथा प्याकेटको मासुजन्य परिकार बेच्ने जियान फुडले राँगाभैंसी पालनका लागि प्राविधिक सहायताका साथै नेपालमा रु २० अर्व बराबरको लगानी गर्न चाहेको पशु बधशाला व्यवसायी सङ्घका अध्यक्ष डा नवीनकुमार शर्माले जानकारी दिनुभयो । यसबाट पशुपालनमा संलग्न भएका वा हुन चाहने युवाले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सडक महोत्सव : 'सडकमै खाऔँ, सडकमै रमाऔँ'

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेबान) पोखराको आयोजनामा अङ्ग्रेजी नयाँ वर्षको अवसरमा २६औँ पोखरा सडक महोत्सव हुने भएको छ । 'सडकमै खाऔँ, सडकमै रमाऔँ' भन्ने नाराका साथ यही पुस १३ देखि १७ गतेसम्म सडक महोत्सव हुन लागेको हो ।


रेबानका केन्द्रीय अध्यक्ष सङ्घर्ष विष्टले रेबानका तर्फबाट हुँदै आएको सडक महोत्सवले आन्तरिक पर्यटन प्रवर्द्धनका साथै विदेशी पर्यटकको बसाइँ लम्ब्याउन पनि मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

"पोखरा सडक महोत्सवले 'आन्तरिक पर्यटन' प्रवर्द्धन गर्दै आएको छ, नेपाल आउने र आइरहेका विदेशी पर्यटकलाई पनि आफ्नो यात्रालाई लम्ब्याएर महोत्सवमा सहभागी हुने गरेको हामीले पाएका छौँ", अध्यक्ष विष्टले भन्नुभयो ,"पर्यटनलाई कसरी चलायमान बनाउन सकिन्छ भनेर पोखराका पर्यटन विज्ञहरूले छलफल गरेर सडक महोत्सवको सुरूआत गर्नुभयो । यो एउटा इतिहास बनिसकेको छ ।" अध्यक्ष विष्टका अनुसार महोत्सवले स्थानीय पर्यटनमा नेपाली उत्पादनलाई प्रोत्साहन र विश्वबजारमा पुऱ्याउन पनि मद्दत गरेको छ । विभिन्न नेपाली खाना, जातीय वेषभूषा र परम्परागत संस्कृतिको प्रदर्शनले समग्र पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुगेको छ । नेपालमा सबै सिजनमा वार्षिक कार्यसूची बनाएर सडक महोत्सवलाई वृहत महोत्सवको रूपमा विकास गरेर पर्यटन प्रवर्द्धनका लागि सक्रिय हुनका लागि सरकार, निजी क्षेत्र एवं सरोकारवाला सहकार्यकासाथ लाग्नुपर्नेमा उहाँको जोड छ । रेबान पोखराका अध्यक्ष विश्वराज पौडेलले सडक महोत्सवले पोखरामा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो । उहाँले कला संस्कृति प्रवर्द्धनसँगै स्थानीय सामग्रीलाई बजारीकरण गर्न महोत्सव उपलब्धिपूर्ण बन्दै गएको उल्लेख गर्नुभयो ।

अध्यक्ष पौडेलका अनुसार महोत्सवमा मुख्य आकर्षणका रूपमा विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, लाइभ कन्सर्ट, खेलकुदतर्फ बोट रेस, वेटर रेस, टग अफ वार, म:म, ससेज खाने प्रतियोगिता रहेका छन् ।

यसवर्ष लमजुङबाट कृष्ण चरित्रका साथै भोजपुरी नृत्य आदि सांस्कृतिक प्रस्तुतिका साथै छिमेकी राष्ट्र भारत र चीनका सांस्कृतिक प्रस्तुतिसमेत रहने जनाइएको छ । पाँच दिने महोत्सवमा आन्तरिक र बाह्य गरी करिब पाँच लाख पर्यटक आउने आयोजकको अनुमान छ । अङ्ग्रेजी नयाँ वर्षकै सन्दर्भमा नेपालमा पहिलो पटक अन्तरार्ष्ट्रिय हट एयर बेलुन फेस्टिभल हुदैँछ । बेलुन नेपाल प्रालिको आयोजनामा यही पुस ९ गतेदेखि पर्यटकीय राजधानी पोखरामा सुरू हुने फेस्टिफलमा २० देशका व्यावसायिक बेलुन कम्पनीको सहभागिता रहने जनाइएको छ ।

उक्त फेस्टिभल सन् २०२५ को पहिलो दिन १ जनवरीसम्म चल्ने छ । महोत्सवमा पामे क्षेत्रको तौरूकदेखि चङ्खपुरसम्म तीन किलोमिटर क्षेत्रमा हुने आयोजकले जनाएको छ । नेपालमा आउने विदेशी पर्यकमध्ये ४० प्रतिशत पोखरा पुग्ने गरेको बताइन्छ ।

# नेपाल पुन मगर समाज केन्द्रीय समितिको अध्यक्षमा खेम पुन

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

नेपाल पुन मगर समाज केन्द्रिय समितिको दोस्रो राष्ट्रिय महाधिवेशन एवं नवौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै पूर्व मन्त्री तथा नेपाल मगर संघका संरक्षक उत्तम बहादुर पुनले अब सम्पूर्ण पुन मगर एकजुट भई अगाडि बढ्न आग्रह गर्दै समाजका लागि पुन मगरहरुको आवश्यकता परेको हुँदा हामीहरु सबै मिलेर पुन मगर समाजलाई अगाडि बढाउन कार्यक्रममा उपस्थित महानुभावहरुलाई अनुरोध समेत गर्नुभयो । उद्घाटन कार्यक्रममा पूर्व मन्त्रीहरु नरदेवी पुन, गणेश पुन, उपसभामुख विना मगर, आदिवासी जनजाति आयोगका अध्यक्ष राम बहादुर थापा, अन्तर ाष्ट्रिय मगर महासंघका अध्यक्ष




नविन रोका, नेपाल मगर संघका अध्यक्ष ज्ञानेन्द्र पुन, आदिवासी जनजाति आयोग महासंघका महासचिव सुजन कुमार लामा, रोल्पाका अध्यक्ष धन बहादुर पुन, युके पुन मगर संघका अध्यक्ष बल पुर्जा मगर लगायतले शुभकामना मन्तव्य राख्दै कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए। पुस २९ र ३० गतेसम्म चलेको अधिवेशनले खेम पुनको अध्यक्षतामा ३५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। कार्यक्रममा पुन मगर हरुको चिप्लेढुङ्गाबाट शुरु भएको र्‍याली पोखरा सभागृहमा आई उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो।

# स्व. गुरुङको आदर्श र योगदानलाई पछिल्लो पुस्ताले अनुसरण गर्नुपर्छ : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

गण्डकी प्रदेशका सामाजिक विकास,युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले स्व. डिल बहादुर गुरुङको आदर्श र योगदानलाई पछिल्लो पुस्ताले अनुसरण गर्नुपर्ने बताउनुभएको छ।

नेपाली काँग्रेस कुश्मा नगरपालिका वडा नं १४ द्धारा पोखरामा सोमबार आयोजित स्व. गुरुङ्गको श्रद्धाञ्जली कार्यक्रममा बोल्दै मन्त्री थापाले सो कुरा बताउनुभएको हो । उहाँले स्व.गुरुङप्रति श्रद्धाञ्जली व्यक्त गर्दै समाज र पार्टीको विकासका लागि पुर्‍याएको योगदानको चर्चा गर्नुहुदै राजनीतिलाई पद र प्रतिष्ठा भन्दा पनि समाजको परिर्वतनको मुल नीतिका रुपमा लैजानुपर्छ भन्ने स्व. गुरुङको सोचलाई पुरा गर्ने जिम्मेवारी हामीमा आएको बताउनुभयो।




कार्यक्रममा नेपाली काँग्रेस पर्वतका सभापति युवराज जोशीले स्व. गुरुङको राजनीति सोच र व्यक्तित्वले काँग्रेसलाई सधैँ अभिभावकत्व दिईरहेको अवस्थामा उहाँको निधनले पार्टीलाई ठूलो क्षति भएको बताउनुभयो । गण्डकी प्रदेशका सांसद रेखा गुरुङले स्व. गुरुङ राजनीतिक चिन्तकमात्र नभई सामाजिक अभियान्ताका रुपमा रहनुभएको स्मरण गर्नुभयो । पर्वत काँग्रेसका नेता नवराज गुरुङले स्व.गुरुङ बिकासप्रेमी नेता रहनुभएको बताउनुभयो । कार्यक्रममा स्व. गुरुङका कान्छा छोरा शेरबहादुर गुरुङले आफ्ना पिताले परिवारलाई मात्र नभई समाजलाई नै संस्कार दिएर जानुभएको बताउनुभयो। उहाँ सबै क्षेत्रमा प्रेरणाको श्रोतका रुपमा रहनुभएको गुरुङले बताउनुभयो।

पर्वत जिल्ला साविक आर्थरडाँडा घर भई हाल पोखरा महानगरपालिका शिवालयचोक बस्दै आउनुभएका स्व.गुरुङ नेपालको प्रजातान्त्रिक आन्दोलनका अगुवा नेता एवं काँग्रेस बुढाका नाममा प्रख्यात हुनुहुन्थ्यो । वडा नं १४ का अध्यक्ष रुद्रमोहन रिमालले तत्कालीन समयमा स्व. गुरुङ नेपाली काँग्रेसको मियोको रुपमा रहेको स्मरण गर्दै उहाँको निधनले काँग्रेसलाई ठूलो क्षति पुगेको बताउनुभयो । गण्डकी प्रदेशका सांसद पञ्चराम गुरुङ, पूर्व सांसद लालकाजी गुरुङ, नेपाली काँग्रेस गण्डकी प्रदेशका संचार विभाग प्रमुख एवं नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, नेपाली काङ्ग्रेसका उपसभापति शिव सुवेदी, क्षेत्रिया सभापति राजकुमार केसी, नगर सभापति किशोर भण्डारी लगायत स्व.गुरुङप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो।

# पोखरामा यही पुस १० गतेदेखि थाई-बक्सिङ प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

शक-यान मुवाथाई क्लब पोखराको आयोजना तथा प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धनमा यही पुस १० गतेदेखि १२ गतेसम्म थाई-बक्सिङ प्रतियोगिता गरिने भएको छ।

व्यावसायिक खेलकुदमा विश्वकै आकर्षक मध्येको एक ‘कन्टेन्डर सिरिज-२’ थाई-बक्सिङ पोखरामा गर्न लागिएको हो । खेलकुदमार्फत व्यावसायिक खेलकुदको विकाससँगै खेल पर्यटन प्रवर्द्धनका लागि प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । प्रतियोगिता लेकसाइडस्थित बाराही घाट खेल मैदानमा हुने तयारी समितिका संयोजक एवं प्रदेश खेलकुद परिषद्का सदस्य खगेन्द्र क्षेत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी गरी पाँच वटा प्रदेशका महिला र पुरुष गरी ८४ जना ‘फाइटर’हरूको सहभागिता रहनेछ।

प्रतियोगितामा जुनियर/सिनियर (एमेच्योर/प्रोफेशनल) तर्फ कूल ४२ फाइट तय गरिएको छ । प्रतियोगिताको पुरुष ‘प्रोफेशनल’ तर्फ मुख्य फाइटको विजेताले नगद ५० हजार र उपविजेताले नगद रु २० हजार तथा महिलातर्फको विजेताले नगद रु ३० हजार र उपविजेताले नगद १५ हजार प्राप्त गर्ने जनाइएको छ। त्यसैगरी अन्य फाइटमा महिला र पुरुषतर्फ ८/८ विजेताले नगद रु १५ हजार र उपविजेताले नगद रु १० हजारका साथमा मेडल तथा प्रमाणपत्र पाउनेछन् । पुरुषतर्फ कोमेन इभेन्टका विजेताले नगद रु २५ र उपविजेताले रु १५ हजार प्राप्त गर्ने आयोजक शकयान मुआथाई क्लबले जनाएको छ।

पोखराभन्दा बाहिरबाट आउने खेलाडीलाई विशेष आकर्षक उपहार प्रदानसँगै आवासको सुविधा उपलब्ध गराइने र तीन जना उदीयमान खेलाडीहरूलाई नगदसहित सम्मान गरिने जनाइएको छ। नेपाल राष्ट्रिय मुवाँथाई सङ्घ र गण्डकी प्रदेश मुवाथाई सङ्घको स्वीकृति एवं प्राविधिक सहयोगमा हुने उक्त प्रतियोगिताको सञ्चालन रेमनदाश श्रेष्ठ र यकिन गुरुङले गर्नुहुने जनाइएको छ।

# लायन्स क्लब अफ पोखरा लेकसाइडद्धारा चेपाङ समुदायका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

चितवन कालिका नगरपालिका ११ सैपाम मा रहेको शुभ शान्ति राष्ट्रिय आधारभुत विद्यालयका बिद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको छ।

लायन्स क्लब अफ पोखरा लेकसाइड र फेण्ड अफ नेचर (फोन नेपाल) को संयुक्त आयोजनामा क्लवले आइतबार एक समारोहका बिच बिद्यालयमै पुगेर एक सय भन्दा बढी छात्र/छात्रालाई न्यानो (पोलर ज्याकेट) वितरण गरेको क्लवका अध्यक्ष धर्मराज थापाले जानकारी गराउनु भयो । चेपाङ समुदायका बिद्यार्थीहरुलाई यस बर्षको जाडोबाट केही हदसम्म भए पनि बचाउन क्लव र फोन नेपालले न्यानो कपडा वितरण गरेको उहाँले बताउनु भयो । आर्थिक अबस्था निकै कमजोर




भएका चेपाङ समुदायका बिद्यालयमा १ सय जना बिद्यार्थीहरु भए पनि स्थानियक केही बालबालिका सहित १ सय १० थान न्यानो कपडा वितरण गरिएको अध्यक्ष थापाले बताउनु भयो । उक्त कार्यक्रममा बोल्दै क्लवका पूर्व अध्यक्ष तथा रिजन चियर पर्सन एवं कार्यक्रम संयोजक नवराज अधिकारीले दुई बर्ष अघि पनि उक्त स्थानमा न्यानो कपडा वितरण गरिएको उल्लेख गर्दै हरेक बर्ष विभिन्न दाताको सहयोगमा नेपालका विभिन्न क्षेत्रमा यसरी विभिन्न सामाजिक कार्य गर्दै आएको जनाउनु भयो। विगत ८ बर्ष देखि बर्षेनी चेपाङ समुदायका बिद्यार्थीहरुलाई चितनका विभिन्न क्षेत्रमा न्यानो कपडा वितरण गर्दै आएको संयोजक अधिकारीले जनाउनु भयो । बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष शुन्दर प्रजाले बिद्यालयको आर्थिक अबस्था कमजोर भएको अबस्थामा बिद्यार्थीहरुको लागि जाडोको मौसममा न्यानो कपडा वितरणले स्थानियलाई धेरै राहत भएको बताउनु भयो । बिद्यालयका प्रध्यानाध्यापक झलक भट्टले आर्थिक अबस्था कमजोर भएका चेपाङ समुदायका बिद्यार्थीहरुको लागि बिद्यालय पोशाक तथा स्टेश्नरी सामाग्रि अति नै आवश्यक हुने बताउनु भयो । न्यानो कपडा दुई बर्ष पछि पनि पुनः वितरण गर्न आउनु भएकोमा क्लवको टोलीलाई धन्यवाद दिनुभयो।

क्लवका अध्यक्ष थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा क्लबका प्रथम उपाध्यक्ष इन्द्रमान चौहान, तृतीतय उपाध्यक्ष श्याँम थापा, सचिव कमल भुजेल, सदस्य राम ढकाल लगायत सहभागिता रहेको थियो। चितवनको मुख्य सडकबाट उत्तरी भेगको १० किलोमिटर टाडाको दुरीमा उक्त बिद्यालय पर्दछ। उक्त बिद्यालयमा जानको लागि साँघुरो कच्ची सडक रहेको छ।

# ‘समाजवादी गणतन्त्रले जनताका चाहनलाई सम्बोधन गर्छ’

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ पुस

नेकपा (माओवादी केन्द)का उपमहासचिव वर्षमान पुनले समाजवादी गणतन्त्रले मात्रै जनताका चाहनलाई सम्बोधन गर्ने दावी गर्नुभएको छ । नेकपा (माओवादी केन्द) म्याग्दीले सोमबार बेनीमा आयोजना गरेको अगुवा कार्यकर्ता प्रशिक्षण भेलामा उहाँले लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै जनतालाई अधिकार र सुविधा प्रदान गर्न अहिलेको व्यवस्थालाई समाजवादी गणतन्त्रमा रूपान्तरण गर्नुपर्ने बताउनुभयो।

मुलुकमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि सत्ता सञ्चालनमा स्थायित्व नहुँदा जनताले



चाहे जस्तो विकास र समृद्धि हासिल हुन नसकेको उहाँको भनाइ छ । “मुलुकमा वर्तमान व्यवस्थाप्रति विभिन्न टिकाटिप्पणी हुने गरेको छ, कतिपयले राजतन्त्र ठीक पनि भन्ने गरेका छन्, तर लोकतान्त्रिक गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन, समाजवादी नीति, कार्यक्रममार्फत जनतालाई सुविधा दिनेतर्फ अग्रसर हुन जरूरी छ”, नेता पुनले भन्नुभयो।

संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख चुन्ने पद्दति आवश्यकता रहेको बताउँदै नेता पुनले समानुपातिक, समावेशीता र सामाजिक न्यायलाई प्रभावकारी बनाएर पछाडि परेका वर्ग, समुदायलाई राज्यको मूलधारमा ल्याउनुपर्ने विचार व्यक्त गर्नुभयो।

# प्रदीप मेमोरियल बास्केटबलको तयारी तिब्र

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङका स्वर्गीय प्रदीप गुरुङको स्मृतिमा आयोजना हुने पहिलो संस्करणको खुला पुरुष तथा महिला बास्केटबल प्रतियोगिताको तयारी तिब्र पारिएको छ।

चैंपरे लेम भाईखलक घान्द्रुकको आयोजनामा यही पौष ३ गतेदेखि ६ गतेसम्म पोखरा १० रामघाटस्थित पुन समाजको बास्केटबल कोर्टमा हुने प्रतियोगिताको तयारी तिब्र पारिएको कार्यक्रम संयोजक राजकुमार गुरुङले जानकारी दिए । उनका अनुसार खुला पुरुषतर्फ अहिलेसम्म कुल १४ टिम र महिलातर्फ ४ टिमको दर्ता भएको छ। संयोजक गुरुङले अन्य टिम पनि दर्ता गर्नका लागि सम्पर्कमा आइरहेको बताए। उनका अनुसार खेल तालिका भने २ गते १२ बजे प्रकाशित गरिनेछ। गुरुङले पुरुषतर्फको विजेता टोलीलाई नगद रु ८० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिए । यस्तै उपविजता बन्ने टोलीले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । महिलातर्फको विजेतालाई नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । भने, उपविजेता टोलाई नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने उनले बताए ।संयोजक गुरुङका अनुसार पुरुष तथा महिला दुवै प्रतियोगितामा विधागत तर्फ उत्कृष्ड खेलाडी (एमभिपी), उत्कृष्ट डिफेन्सिभ खेलाडी, उदीयमान खेलाडी र उत्कृष्ट अफेन्सिभ खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्थासमेत गरिएको छ।

## पत्रकार ...

मत र शङ्कर खरेलले चार सय ४२ मत, मधेस प्रदेश सदस्यमा राजु विश्वकर्मा दुई सय ९७ मत र राजेशकुमार कर्णले तीन सय ७६ मत प्राप्त गरी विजयी हुनुभयो।

बागमती (उपत्यका बाहेकका) केन्द्रीय सदस्यमा नवराज पथिकले तीन सय ६८ र नारायणप्रसाद अधिकारीले चार सय ५० मत प्राप्त गरी विजयी हुनुभएको छ। गण्डकी प्रदेश सदस्यमा कृष्ण केसी तीन सय ३० मत, केवी रानाले तीन सय ८१ मत प्राप्त गर्नुभयो भने लुम्बिनी प्रदेश सदस्यमा रामराज पोखरेलले पाँच सय ६० मत र विकास बन्जाडेले चार सय ७३ मत प्राप्त गरी विजयी हुनुभयो।

कर्णाली प्रदेश सदस्यमा तुलाराम पाण्डेले दुई सय ८८ र नगेन्द्रप्रसाद उपाध्यायले तीन सय २१ मत प्राप्त गरी जित निकाल्नुभयो । सुदूरपश्चिम प्रदेश सदस्यमा योगेन्द्रबहादुर बलायरले तीन सय ९७ र सुरेश पन्तले तीन सय मत प्राप्त गरी विजयी हुनुभयो। उपत्यका प्रदेश सदस्यमा अर्जुन पन्तले चार सय ५९ र सूर्य सुवेदीले छ सय ६८ मत प्राप्त गरी विजयी हुनुभएको निर्वाचन समितिले जनाएको छ।

प्रतिष्ठान प्रदेशतर्फ वीरेन्द्र ओलीले चार सय र सविता शर्माले चार सय ८७ मत प्राप्त गरी विजयी हुनुभयो। संस्थागत प्रदेश (एशोसिएट) तर्फ पवित्रा मुडभरीले दुई सय नौ र मनुका कुँवरले तीन सय एक मत प्राप्त गरी जित निकाल्नुभयो । खुला सदस्यमा छविलाल तिवारीले तीन हजार चार सय ७०, भूपेन्द्र आचार्यले तीन हजार पाँच सय ८२, मुकुन्दप्रसाद भण्डारीले तीन हजार सात सय २१, रामेश्वर कार्कीले तीन हजार छ सय ३० र लवदेव ढुङ्गानाले तीन हजार आठ सय ३०मत प्राप्त गरी निर्वाचित हुनुभयो।

मधेसी महिलातर्फ रुवीकुमारी गौनियारले चार हजार एक सय ८५, आदिवासी जनजाति महिलातर्फ माला पालुङ्वाले तीन हजार सात सय ३७ मत, खस आर्य महिलामा लिला शाह योगीले तीन हजार आठ सय १० मत प्राप्त गर्दा दलित महिलातर्फ भने यसअघि नै रीता बुढाथोकी निर्विरोध निर्वाचित हुनुभएको थियो। दलित सदस्यमा सिकेन्द्र पासवानले तीन हजार तीन सय १६ मत प्राप्त गरी विजयी हुँदा दलित सदस्यमा सावित्री रसाइली (निर्विरोध) निर्वाचित हुनुभएको थियो । आदिवासी जनजाति सदस्यमा भरत जर्घा मगरले चार हजार ५० मत प्राप्त गरी विजयी हुनुभयो भने आदिवासी महिला सदस्यमा देविका घर्ती मगर निर्विरोध निर्वाचित हुनुभएको थियो । मधेसी सदस्यमा राजकरण महतोले तीन हजार आठ सय ९३, मधेसी सदस्य महिलामा ललिताकुमारी साहले चार हजार चार सय नौ मत प्राप्त गरी निर्वाचित हुनुभयो । अपाङ्गता भएका सदस्यमा भूपराज बस्यालले तीन हजार पाँच सय ५७, अल्पसङ्ख्यक सदस्यमा लक्ष्मण थामीले चार हजार तीन सय ७३ मत प्राप्त गरी विजयी हुनुभयो । लेखा समिति संयोजकमा केसी लामिछानेले चार हजार एक सय ९४ मत प्राप्त गरी निर्वाचित हुँदा सोही समितिको सदस्य खुलामा केशवप्रसाद बोहराले चार हजार एक सय २५ र लेखा समिति सदस्य महिलामा रुक्मिणि पोखरेलले चार हजार ८९ मत प्राप्त गरी जित निकाल्नुभयो । महासङ्घको निर्वाचन यही मंसिर २८ गते भएको थियो।

## वार्षिक ...

फाइदा लिन सक्ने विश्वास गरिएको छ । कार्यक्रमको कार्यान्वयनसँगै घाँस तथा साइलेज, पशुदाना, कुखुराको दानाका लागि चाहिने मासु र हड्डी, छाला प्रशोधनसंग सम्बन्धित उद्योग, कृषिक्षेत्रमा लगानी बैंक तथा वित्तीय संस्थाले सहकार्य गर्न सक्ने बताइएको छ । सरकारको सहयोगमा खोरेत रोगको नियन्त्रण कार्यक्रम सञ्चालन, घाँस उत्पादनका लागि सरकारी जग्गा उपलब्ध गराउने, पशुपालक किसानलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउनेलगायत कृषक हितका विविध कार्यक्रम सञ्चालन गरिनेछ । सो अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले रागाँको मासुको गुणस्तर सुनिश्चित गरेपश्चात नेपाली उपभोक्ताले उपभोग गर्ने तथा चीन सरकारको मापदण्ड अनुसारको मासु निर्यात गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले नेपाल र चीनबीच सम्पन्न राँगाभैँसीको प्रशोधित मासु चीन निर्यात गर्नेसम्बन्धी समझदारीले नेपाली किसानलाई रागाँ भैसीपालनका लागि थप प्रोत्साहित गरेको बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# एमालेको वडा केन्द्रीत अभियान

नेकपा (एमाले)ले पार्टीलाई चलायमान बनाउन तीन महिने वडा केन्द्रीत अभियान चलाउने भएको छ । केन्द्रीय संगठन विभागद्वारा आयोजित स्थानीय तहमा पार्टी कामका समस्या र समाधान विषयक दुई दिने राष्ट्रिय कार्यशाला गोष्ठी आइतबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा सम्पन्न भएको छ । देशभरिबाट पार्टीका कार्यकारी जिम्मेवारीमा रहेका प्रदेश, जिल्ला जनसंगठन र तोकिएका जनप्रतिनिधिहरूसहित तीनसय जनाको सहभागितामा सम्पन्न राष्ट्रिय भेलाले विभिन्न ६ बुँदे घोषणापत्र जारी गरेको छ ।

राष्ट्रिय कार्यशालाले एमालेलाई निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि माघदेखि चैतसम्म तीन महिने वडा केन्द्रित अभियान सञ्चालन गर्ने संकल्प गरेको छ । त्यस्तै, आधारभूत तहसम्म कमिटी निर्माण नेकपा (एमाले) केन्द्रीय संगठन विभागद्वारा आयोजित स्थानीय तहमा पार्टी कामका समस्या र समाधान विषयक दुई दिने राष्ट्रिय कार्यशाला गोष्ठी आइतबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा सम्पन्न भएको छ । देशभरिबाट पार्टीका कार्यकारी जिम्मेवारीमा रहेका प्रदेश, जिल्ला जनसंगठन र तोकिएका जनप्रतिनिधिहरूसहित तीनसय जनाको सहभागितामा सम्पन्न राष्ट्रिय भेलाले विभिन्न ६ बुँदे घोषणापत्र जारी गरेको छ । राष्ट्रिय कार्यशालाले एमालेलाई निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि माघदेखि चैतसम्म तीन महिने वडा केन्द्रित अभियान सञ्चालन गर्ने सङ्कल्प गरेको छ । त्यस्तै, आधारभूत तहसम्म कमिटी निर्माण गर्ने र सदस्यता विस्तार सँगसँगै जनतासँग जनसंगठन अभियान सञ्चालन गर्ने सङ्कल्प कार्यशालाले गरेको छ ।

कार्यशालाले २०८२ सालको पार्टी सदस्यता नवीकरण २०८१ को चैत्र महिनाभित्र विधिसम्मत र प्रक्रिया सम्मत ढङ्गले सम्पन्न गर्ने सङ्कल्प गरेको छ । यसै वर्षभित्र सम्पूर्ण पार्टी सदस्यहरूलाई अनलाइनमा ल्याउने सङ्कल्प पनि बैठकले गरेको छ । आगामी चैत महिनासम्ममा राष्ट्रिय युवा महोत्सवको आयोजना गर्न कार्यशालाले पार्टी केन्द्रसँग आग्रह गरेको छ । कार्यशालाले पार्टी र नेतृत्वका विरुद्धका षडयन्त्र र कुप्रचारको जमेर प्रतिवाद गर्दै पार्टी नीति, नेतृत्व र राजनीतिक कार्यदिशालाई जनताबिच स्थापित गर्ने सङ्कल्प गरेको छ । कार्यशालामा पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष सम्बोधन गर्नु भएको थियो । यसैगरी पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखेल पनि कार्यशालालाई सम्बोधन गर्नु भएको थियो ।

कार्यशालाको पहिलो दिन पार्टी महासचिवले पार्टी केन्द्रले बनाएको वार्षिक कार्य योजनाको अभिमुखीकरण गर्नु भएको थियो भने संगठन विभागका प्रमुख काशीनाथ अधिकारीले कार्यशालाको मुख्य विषयको रूपमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यशालाका सहभागीलाई १० वटा समूहमा विभाजन गरी छलफल गरिएको थियो । समूह छलफलमा प्रदेशका इन्चार्जहरू र संगठन विभागका सदस्यहरूले सहजीकरण गरेका थिए । कार्यशालाको दोस्रो दिन समूहगत छलफलको प्रतिवेदन पेश गरिएको थियो । समूहगत प्रस्तुतिका समयमा पार्टीका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव र प्रदेशका इन्चार्जहरूको उपस्थिति रहेको पार्टी संगठन विभाग सचिव माधवप्रसाद ढुङ्गेलले जानकारी दिएका ।

कार्यशालाले २०८२ सालको पार्टी सदस्यता नवीकरण २०८१ को चैत्र महिनाभित्र विधिसम्मत र प्रक्रिया सम्मत ढङ्गले सम्पन्न गर्ने सङ्कल्प गरेको छ । यसै वर्षभित्र सम्पूर्ण पार्टी सदस्यहरूलाई अनलाइनमा ल्याउने सङ्कल्प पनि बैठकले गरेको छ । आगामी चैत महिनासम्ममा राष्ट्रिय युवा महोत्सवको आयोजना गर्न कार्यशालाले पार्टी केन्द्रसँग आग्रह गरेको छ । कार्यशालाले पार्टी र नेतृत्वका विरुद्धका षडयन्त्र र कुप्रचारको जमेर प्रतिवाद गर्दै पार्टी नीति, नेतृत्व र राजनीतिक कार्यदिशालाई जनताबिच स्थापित गर्ने सङ्कल्प गरेको छ । पार्टीलाई सशक्त बनाउ बैचारिक क्षमता हुनुपर्छ ।सैद्धान्तिक र व्यबहारिक तालमेल मिलाउन भुगोलमा काम गरेको हुनुपर्छ ।केहीको पेशा नै कमाउने भाँडाका रुपमा पार्टीलाई लिएका छन।त्यस्ता प्रबृत्ति हटाउन वडामा काम गर्नु अनिवार्य नबनाई सुखै छैन ।

कार्यशालामा पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा न विशेषट सम्बोधन गर्नु भएको थिए। यसैगरी पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखेल पनि कार्यशालालाई सम्बोधन गर्नु भएको थियो । कार्यशालाको पहिलो दिन पार्टी महासचिवले पार्टी केन्द्रले बनाएको वार्षिक कार्य योजनाको अभिमुखीकरण गर्ने भएको थियो भने संगठन विभागका प्रमुख काशीनाथ अधिकारीले कार्यशालाको मुख्य विषयको रूपमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यशालाका सहभागीलाई १० वटा समूहमा विभाजन गरी छलफल गरिएको थियो । समूह छलफलमा प्रदेशका इन्चार्जहरू र संगठन विभागका सदस्यहरूले सहजीकरण गर्नुभएको थियो । कार्यशालाको दोस्रो दिन समूहगत छलफलको प्रतिवेदन पेश गरिएको थियो । समूहगत प्रस्तुतिका समयमा पार्टीका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव र प्रदेशका इन्चार्जहरूको उपस्थिति रहेको पार्टी संगठन विभाग सचिव माधवप्रसाद ढुङ्गेलले जानकारी दिएका छन। स्थानीय तहको उपचुनाव पछि पार्टीको अवस्थामा सुधार नल्याई पुरानो को मान, सम्मान पाउने अवस्था ल्याउन स्थानीय तहमामा राम्ररी काम हुनु आवश्यक छ ।

# चितवनलाई जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानी घोषणा गरिने

**रासस**
चितवन, १ पुस

चितवनलाई जैविक विविधता तथा वन्यजन्तुको पर्यटकीय राजधानीको रूपमा घोषणा गर्न सौराहाका पर्यटन व्यवसायी लागि परेका छन् । यसका लागि रत्ननगर नगरपालिका र बागमती प्रदेश सरकारसँगको छलफल तथा समन्वय भइरहेको हो ।

यही पुस ११ गतेदेखि सुरू हुने १८औँ हात्ती तथा पर्यटन महोत्सव २०८१ को अवसरमा राजधानी घोषणा गर्ने गरी तयारी अघि बढाइएको क्षेत्रीय होटल सङ्घ सौराहाले जनाएको छ। महोत्सवका संयोजक रामकुमार अर्यालका अनुसार महोत्सवको उद्घाटन समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले औपचारिक रूपमा घोषणा गर्ने कार्यक्रम रहेको छ । यसका लागि रत्ननगर नगरपालिकाको बोर्ड बैठकले निर्णय गरेर प्रदेश सरकारले राष्ट्रपति समक्ष प्रस्ताव लगेपछि घोषणाको प्रक्रिया सुरू हुनेछ । अहिले यो प्रक्रिया सुरू गरिएको र महोत्सवको अवसरमा घोषणा हुने अपेक्षा गरिएको छ । महोत्सवको बारेमा जानकारी दिन सोमबार आयोजना गरिएको पत्रकार सम्मेलनमा संयोजक अर्यालले गत वर्षमा भएका हात्तीदौड तथा हात्तीका छावाको फुटवल प्रतियोगिता यस वर्ष हटाइएको जानकारी दिनुभयो । यस वर्ष हात्तीको शङ्गार प्रतियोगिता, हात्ती वनभोज, हात्तीमैत्री फुटबल पेनाल्टी प्रतियोगिता, हात्ती मैत्री म्युजिकल वाक, हात्तीको स्वास्थ्य परीक्षण कार्यक्रम गरिने उहाँले बताउनुभयो । यस्तै पालिकास्तरीय डुङ्गा दौड प्रतियोगिता, स्वदेशी तथा विदेशी टुर एण्ड ट्राभल एजेन्सीसँग 'विटुबी' गोष्ठी, चितवनमा पर्यटनको सम्भावना हिजो र आज विषयक अन्तर्क्रिया जस्ता कार्यक्रमम गरिनेछ । यस महोत्सवमा ८० वटा हात्तीलाई सहभागी गराईने आयोजकले जनाएको छ। अहिले पर्यटक कम आउने समय भएकाले पर्यटकलाई आकर्षित गर्नका लागि महोत्सव गर्न लागिएको सङ्घका अध्यक्ष गङ्गा गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रमबाट अहिले भइरहेका पर्यटकभन्दा ३० प्रतिशत बढी पर्यटक आउने अनुमान गरिएको छ । अहिले सौराहाका होटलमा ३० प्रतिशत मात्र पर्यटक रहेका छन् । यसलाई बढाउन यो कार्यक्रम फलदायी हुने उहाँले बताउनुभयो । हात्तीलाई पर्यटनसँग जोड्दा विदेशी पाहुनाको बसाइ लम्ब्याउन सहज हुने उहाँको भनाइ छ। मृगकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले संस्कृति र पर्यटनलाई जोड्न यो महोत्सव सफल हुने बताउनुभयो । हात्तीलाई जबरर्जस्ती विभिन्न खेलमा सहभागी गराइएको भन्दै पशु अधिकारवादीले विरोध गरेपछि सङ्घले कार्यक्रमलाई केही फेरबदल गरेको हो । कार्यक्रम निकुञ्जको मध्यवर्ती क्षेत्रसँग जोडिएको चौरमा गर्ने विषयमा पनि केही संरक्षणकर्मीले आवाज उठाएका छन् ।


## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०२/१० मा दर्ता भएको प्रा.लि. द. नं ५३३९६ को मध्यपुर इन्भेष्टमेन्ट कम्पनी (प्रा. लि.) कम्पनीको मिति २०८१/०८/२८ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खरेजी (लिक्विडेशन) मा लैजाने बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटर को कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन । कानुन बमोजिम भई जाने ब्यहोरा सूचित गरिन्छ ।

**दामासायी ब्यवसायी, लिक्विडेटरको कार्यालय:**
**मणिराम नेपाल**
**इजाजत नं. ५८२ सम्पर्क: ९८४७०६१५५४**



## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८१/०९/०२

पोखरा महानगरपालिका, नगरपालिकाको कार्यालय शैक्षिक प्रशासन महाशाखाको मिति २०८१/०९/०१ को चलानी नं. ४९० मा प्राप्त अनुमति अनुसार र अन्नपूर्ण मा.वि.को विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०९/०१ को निर्णय सहित र विद्यालयको च.नं.१८ मिति २०८१/०९/०१ को पत्र अनुसार विद्यालयमा रहेको मा.वि. तह विज्ञान विषयको शिक्षक शिक्षण सिकाई अनुदानमा कोटामा करार शिक्षक नियुक्ति गर्न अनुमति माग भएकोमा नियुक्ति गर्न तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**
पदः मा.वि. करार शिक्षक संख्याः १ जना तहः मा.वि. विज्ञान
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः बि.एस्सी उत्तीर्ण वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८१/०९/१६ गते ४:०० बजेसम्म
सम्पर्क मितिः २०८१/०९/१७ गते
दरखास्त दस्तुरः रु १५००।-
परीक्षाको किसिमः लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन

**श्री अन्नपूर्ण माध्यमिक विद्यालय**
**पोखरा-१६, अर्मला, कास्की**
**सम्पर्क नं.:** ९८५६०४८६१२,९८४६०५४४९३,९८५६०३५४१४


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सिग्देल सम्मानित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ पुस



पोखरापत्र दैनिकका स्याङ्जा संवाददातालाई सम्मान गरिएको छ । पत्रकारीतालाई आफ्नो पेशा बनाई विभिन्न क्षेत्र तथा विधामा कलम चलाउदै आएको भन्दै वालिङ स्थित एक सहकारीले श्रीकृष्ण सिग्देललाई सम्मान गरिएको हो ।

सिग्देललाई ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्थाले सहकारी अभियानमा कलम चलाएको भन्दै १७ औं बार्षिक साधरणसभा तथा छैठौं अधिवेसनमा करुवा, कदरपत्र र दोसल्लाले सम्मान गरेको छ । गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले सिग्देललाई करुवा, कदरपत्र र दोसल्लाले सम्मान गरेका थिए ।

पत्रकारिताका क्षेत्रबाट सहकारीका गतिविधिहरुलाई उजागर गर्न सहयोग पुऱ्याएको र आगामी दिनमा सहकारी अभियानलाई सफलता बनाउन प्रेरणा जागोस भन्ने उदेश्यले सम्मान गरिएको सहकारीले जनाएको छ ।

सम्मान गर्दै गण्डकी प्रदेश सभाका अर्थ तथा विकास समितिका सभापति अर्यालले समाजलाई सकरात्मक बाटोमा लैजान संचारक्षेत्रको महत्वपुर्ण भुमिका हुने बताउदै यस्ता सम्मानले श्रमजीवी पत्रकार हरुलाई अझै अगाडी बढ्न र निखार बनाउन हौसला मिल्ने बताए। पछिल्लो समय सहकारीहरु संकटमा परेका बेला संचार क्षेत्रले सहकारीहरु धरासायीको बाटोमा भन्दा समाधानका बाटोमा कलम चलाउन सबै पत्रकारहरुलाई आग्रह गरे । गण्डकी प्रदेशका सांसद कल्पना तिवारीले संचार क्षेत्र समाजलाई सु–सुचित गर्ने क्षेत्र भएकाले सत्यतथ्यमा रहेर समाचारहरु प्रकाशित र प्रशारित हुनुपर्नेमा जोड दिइन् । विगत लामो समयदेखी पत्रकारीतालाई पेश मान्दै आएका सिग्देललाई सहकारी सम्मान गरेर श्रमजीवी पत्रकारहरुको हौसला बढाउने काम गरेकोमा सहकारीलाई सांसद तिवारीलेधन्यवाददिइन्। जिल्लामा संचालित सहकारीहरु मध्ये ऋद्धिसिद्धि सहकारीले समाजमा योगदान पुराएका विभिन्न व्याक्तिहरुलाई हरेक बर्ष बार्षिक साधरणसभामा सम्मान गर्दै आएको सहकारीका अध्यक्ष मुक्तिप्रसाद पाण्डेले बताए । जसले सहकारीप्रतिको आकर्षण र विश्वास दिलाउन सहयोग हुने विश्वास अध्यक्ष पाण्डेले गरे ।

कार्यक्रममा पत्रकार सिग्देल सहित जेष्ठ सेयर सदस्यद्धोय गणेशप्रसाद भट्राई, हुमकला पाण्डे, उत्कृष्ट कारोबारी छविलाल पाण्डे र जामिला निशा, एसईईमा उत्कृष्ठ नजिता ल्याउने सुजाता श्रेष्ठ, आशिका कोईराला, दिक्षान्त पंगेनी, आयुष्मा अर्याल, एन्जिला अर्याललाई सम्मान गरिएको थियो ।

# लिटल फ्लावरले गऱ्यो खेलाडीको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १ पुस



पोखरा महानगरपालिका वडा नं २७ रिठेपानीस्थित लिटल फ्लावर एजुकेशनल एकेडेमीले नेशनल प्याब्सन कास्कीको गत साता सम्पन्न १४औं खेलकुदक महोत्सवमा विभिन्न विधामा उत्कृष्टता देखाउन सफल आफ्ना विद्यालयका खेलाडीहरु तथा प्रशिक्षकहरुलाई सम्मान गरेको छ ।

विद्यालयमा आयोजित कार्यक्रममा खेलाडीहरु तथा प्रशिक्षकहरुलाई सम्मान गर्दै प्रिन्सिपल बिकल पौडेलले पढाइसगै खेलकुदको माध्यमले विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा सहयोग पुग्ने धारणा राखे । विद्यालयकी संस्थापक एवम् सञ्चालक अध्यक्ष देवी खड्का, कक्षा ११, १२ संयोजक बिष्णुहरि पौडेल, अतिरिक्त क्रियाकलाप संयोजक विचित्र न्यौपाने,सञ्चालक रामप्रसाद अधिकारी,हेमा पुन,शिक्षक रामभक्त खनाल लगायतले खेलाडीहरु तथा प्रशिक्षकहरुलाई सम्मान गरेका हुन् ।

खेलाडीहरुले सामुहिक सहभागितातर्फ भलिवलमा द्धितीय,क्रिकेटमा तृतीय, प्लस टु फुटसलमा तृतीय, एथलेटिक्सतर्फ समग्रमा तृतीय ,ब्याडमिन्टन डबल्समा द्धितीय स्थान हाँसिल गरेका थिए ।

यस्तै रिले र दौड, लङ्गजम्पमा विजयी भएका थिए। कार्यक्रममा सामुहिक सहभागितातर्फका खेलाडीहरुले विकासका लागि विद्यालयलाई ट्रफी हस्तान्तरण गरका थिए ।

# लेखनाथ महोत्सवका ७५ प्रतिशत स्टल बुकिङ

**पोखरापत्र संवाददाता**
पोखरा १ पुस

लेखनाथ उद्योग वाणिज्य संघले यहि पुष १८ गते देखि माघ १ गते सम्म आयोजना गरेको २०औं संस्करणको लेखनाथ महोत्सवका लागी हालसम्म ७५ प्रतिशत स्टल बुकिङ भएका छन ।

महोत्सवमा रहने तिन सय ३६ वटा स्टल मध्ये सोमबारसम्म दुई सय ५५ वटा स्टल बुकिङ भएको स्टल निर्माण तथा व्यवस्थापन समितिका संयोजक भरत थापाले जानकारी दिए । पहिलो चरणमा संघका सदस्यहरुका लागी लक्षित गरि मंसिर १७ गतेबाट स्टल बुकिङ खुल्ला गरिएको थियो भने अन्य व्यवसायीहरुका लागी समेत स्टल बुकिङ खुल्ला गरिएको थिए । यस क्षेत्रको समग्र आर्थिक तथा सामाजिक उत्थानको लागि "महोत्सव लेखनाथको सस्कृति, स्थानीय उत्पादन, विकास र संमृद्धि" भन्ने मुल नाराका साथ आयोजीत महोत्सवमा कृषि तथा स्थानिय उत्पादनका स्टललाई प्राथमिकता दिईएको छ । महोत्सवमा कृषि उत्पादन, भाँडा वर्तन, फर्निचर तथा ईलेक्ट्रीकल, फेन्सी तथा गार्मेन्ट, हस्तकला, खाद्यान्न, राष्ट्रिय उत्पादन प्रर्दशनी, बैंक तथा वित्तिय संघ-संस्थाहरु, डेरी तथा फलफुल, होटल तथा रेष्टुरेण्टका स्टलहरु रहनेछन । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने २०औं संस्करणको महोत्सवलाई राष्ट्रिय वाणिज्य बैंकले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा सगरमाथा लुम्बिनी ईन्स्योरेन्स कम्पनी र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए ।


## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/१०/२३ मा दर्ता भएको प्रा.लि. द. नं २३४०१६ को फेशन क्याट म्यान डु (प्रा. लि.) कम्पनीको मिति २०८१/०९/०९ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खरेजी (लिक्विडेशन) मा लैजाने बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हक दाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हक दाबी लाग्ने छैन । कानुन बमोजिम भई जाने ब्यहोरा सूचित गरिन्छ ।

**दामासायी ब्यवसायी, लिक्विडेटरको कार्यालय:**
**रमेश हरि अधिकारी**
**इजाजत नं. ५४७ सम्पर्क: ९८०५६७६७१०**

# सडक सुविधाले रोकिएन कुइनेखानीको बसाइसराइ

ध्रुवसागर शर्मा
म्याग्दी, १ पुस/रासस

गुजुमुज्ज ढुङ्गे घर । तीन वर्षअघि जोडिएको सडकबाहेक कुइनेखानी गाउँमा अन्य विकासका पूर्वाधार पुगेको छैन । आधुनिक विकासका पूर्वाधार नपुगेकैले यस गाउँलाई जिल्लाकै कुमारी गाउँ पनि भनिन्छ ।

रघुगंगा गाउँपालिका-८ मा पर्ने यही कुइनेखानी गाउँ पछिल्लो समय उजाड र कुरुप देखिन थालेको छ । पाँच वर्ष अघिसम्म ९६ घर परिवारको बसोबास रहेको यस गाउँमा हाल ४३ घर परिवारको मात्रै बसोबास रहेको स्थानीय तबहादुर छन्त्याललले बताउनुभयो ।

तीन वर्षअघि सडक सञ्जाल जोडिएर साना सवारीसाधन गुड्न थालेसँगै गाउँ रित्तिन थालेको हो । “मोटरबाटो त आयो तर, मोटर चढेर गाउँ आउने भन्दा गाउँ छाडेर बसाइँ सर्ने बढे”, रघुगंगा गाउँपालिका-८ का वडासदस्य अगेन्द्र छन्त्याललले भन्नुभयो, “बसाइँसराइका कारण गाउँ युवाविहीन भएको छ ।”

कुइने टोल सुधार समितिका अध्यक्ष तुल छन्त्यालका अनुसार गाउँमा सडक आए पनि विकासका अरु पूर्वाधार नहुँदा सुविधाको खोजीमा गाउँ छाडेर बसाइँ जानेको सङ्ख्या दिन प्रतिदिन बढ्दो छ ।

गाउँमा मोटरबाटो आएपछि सदरमुकाम बेनी जान दिनभर पैदल हिँड्नुपर्ने बाध्यता हटेपनि अरु समस्या उस्तै छ । “मोटर चढेर बेनी पुग्न एक हजार दुई सय भाडा लाग्छ । बाटो राम्रो छैन । खानेपानी, विद्युत्, शिक्षा, स्वास्थ्यलगायतका सुविधाबाट हामी वञ्चित छौँ”, उहाँले भन्नुभयो । भौगोलिक विकटताले गर्दा एक गाउँबाट अर्को गाउँ जान दिनभर पैदल यात्रा गर्नुपर्छ । विकट गाउँबस्तीका कारण यस वडाको सम्पर्क कार्यालय सदरमुकाम बेनीबाटै सञ्चालन हुँदै आएको छ । गाउँपालिकाले सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेपछि सामान्य बिरामी हुँदा आधारभूत उपचार पाउने सुविधा गाउँमा छ । अधिकांशले छोराछोरीको शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाका लागि सहर झर्नुपरेको बताउने गरेका छन् । वैदेशिक रोजगारमा गएकाले आफ्ना बालबच्चा र परिवारलाई सहरमा राख्न थालेसँगै गाउँमा विद्यालय विद्यार्थीविहीन हुन थालेको छ ।

कक्षा ८ सम्म पठनपाठन हुने कुइने आधारभूत विद्यालयमा विद्यार्थी सङ्ख्या नभएकै कारण अघिल्लो शैक्षिक सत्रदेखि तह घटाएर कक्षा पाँच सम्म मात्रै पठनपाठन गराउन थालिएको छ । केन्द्रीय विद्युतीकरण नपुगेको यस गाउँमा स्थानीयले लघु जलविद्युत्बाट विद्युत् उपभोग गर्दै आएका थिए । त्यो पनि बाढी पहिरोले निरन्तर क्षति पुर्‍याएपछि हैरानी बेहोर्नुपरेको छ । कुइनेटो परेको खर्कमा तामाखानी भएकाले यस ठाउँको नाम कुइनेखानी रहन गएको बूढापाकाहरुको भनाइ छ । खानी खन्ने क्रममा कुइनेखानीमा छन्त्याल समुदायको बसोबास रहन गएको स्थानीय ७८ वर्षीय टेकबहादुर छन्त्याललले बताउनुभयो । खानी खन्ने काम बन्द भएपछि यहाँ बसोबास घट्दै गएको उहाँको भनाइ छ। हाल यहाँका अधिकांश युवा वैदेशिक रोजगारीमा छन् । आर्थिक रुपले सम्पन्नहरु बेनी, पोखरा, बुटवल, दाङ, भैरहवा लगायतका ठाउँमा बसाइँ गएका छन् । यहाँका प्रत्येक स्थानीय तहका गाउँबस्तीमा हाल सडक सञ्जाल जोडिएको छ । स्थानीयले उत्पादन गरेका तरकारीलगायत फलफूल बजारमा बिक्री गर्नसमेत सहज भएको छ । तर पनि यहाँका अधिकांश विदेश पलायन भएका छन् । बस्तीमा मान्छे बस्न छाडेपछि गाउँका धेरै घरमा ताला लगाइएको छ ।

# एनपिएलमा चल्न नसकेको ‘पोखरा एभेन्जस’

– सुरज घिमिरे
काठमाडौं, १ पुस/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)को ट्रफी सार्वजनिक गर्ने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले भन्नुभएको थियो, “पोखरा एभेन्जर्सका मार्की खेलाडी कुशल भुर्तेल बलर हुन् कि ब्याटर छुट्याउनै गाह्रो हुने उहाँको कौसल छ । मैले मात्र होइन्, विश्वले नै छुट्याउन सकिरहेको छैन जस्तो लाग्छ ।”

जारी एनपिएलमा पोखराका कप्तान तथा मार्की खेलाडी कुशललाई बलर हुन् कि ब्याटर छुट्याउनै सकस पर्‍यो । उनी नत ब्याटिङतर्फ चल्न सके, न बलिङमा नै जमे । नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर भुर्तेललाई लिएर जुन अपेक्षा गरिएको थियो । त्यो अपेक्षा पूरा हुन सकेनन् । जारी एनपिएलमा कप्तान कुशलको प्रदर्शन निराशाजनक रहे जस्तै ‘पोखरा एभेन्जस’ पनि खेलमा अगाडि बढ्न सकेन ।

**चल्न नसकेको ब्याट**

पोखरा एभेन्जर्सका कप्तान तथा मार्की खेलाडी हुन्, नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर भुर्तेल । एनपिएलमा कुशलको प्रदर्शन खासै राम्रो भने हुन सकेन । आफ्नो पहिलो खेलमा चितवन राइनोजविरूद्ध ब्याटिङतर्फ उनी पहिलो बलमै आउट हुन पुगेका थिए । चितवनसँगको खेलमा बलिङतर्फ पनि एक ओभरमै १० रन खर्चिएका थिए । तर, खेलमा उनले तीन वटा क्याच भने समातेका थिए । दोस्रो खेलमा पनि जनकपुर बोल्ट्सविरूद्ध उनी चल्न सकेनन् । उनी जनकपुरविरूद्ध ६ बलमा एकचौका प्रहार गर्दै ६ रन मात्रै बनाएर आउट हुन पुगे । बलिङतर्फ पनि दुई दशमलव एक ओभरमा १८ रन खर्चिदैं एक विकेट मात्रै हात पारे । तेस्रो खेलमा भने पोखराले लुम्बिनी लायन्सलाई १० विकेटले हरायो । यो खेलमा कप्तान भुर्तेलले बलिङ गरेनन् । ओपनर दुई खेलाडी एन्ड्रूज गौस र दिनेश खरेलले अविजित रहदैं खेल जितेपछि भुर्तेललाई ब्याटिङ गर्नुपरेन ।

चौथो खेलमा पोखरा कर्णाली याक्ससँग ७ विकेटले पराजित भयो । यो खेलमा भुर्तेलले पोखराको लागि १० रन मात्रै बनाए । उनले ११ बलमा एक छक्काको मद्दतले १० रन मात्रै बनाए । यद्यपि, बलिङतर्फ एक ओभरमा १४ रन खर्चिएर एक विकेट भने हात पारे ।

आफ्नो पाचौँ खेलमा पोखराले विराटनगर किङ्ग्सलाई सुपरओभरमा हराएको थियो । यो खेलमा कुशलको ब्याट मैदानमा केही समय टिक्यो । कुशलले ब्याटिङतर्फ विराटनगरविरूद्ध ३१ रन जोडे । बलिङतर्फ पनि ४ ओभरमा ३२ रन खर्चिएर एक विकेट हात पारे । छैटौं खेलमा पोखरा काठमाडौंसँग स्तब्ध बन्यो । काठमाडौंले पोखरालाई ६ विकेटले हरायो । यो खेलमा पनि कुशलको प्रदर्शन निराशाजनक नै रह्यो । कुशलले काठमाडौंविरूद्ध ब्याटिङतर्फ १० बलमा ७ रन बनाएर आउट भए । बलिङतर्फ एक विकेट पनि झार्न सकेनन् । तर, २ ओभर बलिङ गरेका भुर्तेलले १२ रनमात्रै खर्चिए ।

एनपिएलको लिग चरणको आफ्नो सातौँ अर्थात् अन्तिम खेलमा पनि भुर्तेलको ब्याट चल्नै सकेन् । सुदूरपश्चिम रोयल्सले उक्त खेलमा पोखरालाई ५ रनले हरायो । सुदूरपश्चिम रोयल्सविरूद्ध भुर्तेल ब्याटिङतर्फ शून्य रनमै आउट भए । तर, बलिङतर्फ भने २ विकेट हात पारे । ४ ओभर बलिङ गरेका भुर्तेलले २७ रन भने खर्चिए ।

जारी एनपिएलका ७ वटा खेलबाट पोखराका कप्तान भुर्तेलले कूल ५४ रन बनाएका छन् । उनले उच्च स्कोर ३१ छ, जुन उनले विराटनगरविरूद्ध बनाएका थिए । जारी एनपिएलमा भुर्तेलले दुई छक्का र चार चौका प्रहार गरेका छन् । एनपिएलमा उनले कूल पाँच विकेट आफ्नो नाममा दर्ता गरेका छन्,भने एक सय १३ रन खर्चिएका छन् ।

**विदेशी खेलाडीको सन्तोषजनक प्रदर्शन**

पोखराले एनपिएलका लिग चरणका सातवटा दुई वटा खेल मात्रै जित्यो । पोखराको खेलमा विदेशी खेलाडीले सक्दो प्रयार गरे । तर, स्वदेशी खेलाडी मैदानमा चल्न नसक्दा पोखराको प्रदर्शन निराशाजनक रह्यो । पोखराबाट नेदरल्याण्डका बास डे लिड, वेष्ट इन्डिजका रेमन रेफर, इग्ल्याण्डका म्याट क्रिचले र जेन मलिक, स्कटल्याण्डका माइकल लीस्क, अमेरिकाका एन्ड्रूज गौस एनपिएल खेलेका थिए । उनीहरूको प्रदर्शन सन्तोषजनक नै रह्यो । पोखराबाट एनपिएलका ७ वटै खेल खेलेका माइकल लीस्कले कुल ४४ रन बनाउँदा बलिङतर्फ तीन विकेट हात पारे । वेष्ट इन्डिजका रेमन रेफरको पनि एनपिएलमा प्रदर्शन सन्तोषजनक नै रह्यो । पोखराबाट लिग चरणका सबै खेल खेलेका उनले कूल १४६ रन बनाए भने ५ विकेट आफ्नो नाममा दर्ता गरे । अमेरिकाका एन्ड्रूज गौस पोखराबाट एनपिएलका ६ खेल खेले । ६ खेलबाट उनले कूल दुई सय २४ रन बनाए । उनले एक शतक पनि प्रहार गरे । ४ खेल खेलका इंग्ल्याण्डका म्याट क्रिचलेले कुल ३२ रन बनाउँदा एक विकेट आफ्नो नाममा दर्ता गरे । इंग्ल्याण्ड जेन मलिकले दुई खेलबाट १४ रन जोड्दा नेदरल्याण्डका बास डे लिडले एक खेलबाट दुई विकेट आफ्नो नाममा दर्ता गरे ।

**चल्नै नसकेका स्वदेशी खेलाडी**

पोखराबाट एनपिएल खेलेका केही स्वदेशी खेलाडीको प्रदर्शन मध्यम रहेपनि केही खेलाडी भने चल्नै सकेनन् । आशा लाग्दा केही खेलाडीले निराशाजनक प्रदर्शन गर्न गरे । पोखराबाट खेलेका दिनेश खरेलको प्रदर्शन भने प्रशंसनीय नै रह्यो । उनले ७ खेलबाट एक सय ६२ रन बनाए । साथै, एक विकेट पनि आफ्नो नाममा दर्ता गराए । यस्तै, ७ वटै खेल खेलेका विपीन खत्रीले कुल २४ रन बनाउँदा बलिङतर्फ ९ विकेट लिए ।

पोखराबाटै ७ खेल खेलेका सागर ढकालले कूल २ रन बनाउँदा बलिङतर्फ भने ५ विकेट आफ्नो नाममा दर्ता गरे । दिलीपनाथ र नारायण जोशी पोखराबाट ६/६ खेल खेले । दिलीपले ६ खेलबाट ४६ रन बनाए भने जोशीले ३८ रन बनाए । पोखराबाट ४ वटा खेल खेलेका आकाश चन्दले एक रन मात्रै बनाउँदा तीन खेल खेलेका किरण ठगुन्नाले ३३ रन बनाउन सफल भए । पोखराबाट एक खेल खेलेका आर्कषित गोमेलले ८ रन जोड्दा एक खेल खेलेका त्रितराज दास र सुदीप अर्यालले एक रन पनि जोड्न सकेनन् ।

# सुनौलो सहकारीको १७ औँ वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, १ पुस

पोखरा महानगरपालिका वडा नं ६ बैदाममा मुख्य कार्यालय रहेको सुनौलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

साधारणसभाको एक कार्यक्रमका बीच पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष एवम् कार्यक्रमका प्रमुख अतिथि रविरमण तिवारी उद्घाटन गर्नुभएको थियो । सहकारी क्षेत्र चलायमान नभएसम्म देशको अर्थतन्त्र सुधार हुन नसक्ने बताउँदै उहाँले केही सहकारीमा समस्या भएपनि वित्तीय अनुशासनमा चलिरहेका सहकारीहरूमा बाहिर प्रचार भए जस्तो समस्या नरहेको उल्लेख गर्नुभयो । समुदायमा आधारित सहकारीमा तरलता बढी भएकोले सोतर्फ पनि सचेत रहन उहाँले सुझाव दिनुभयो । कार्यक्रममा उत्कृष्ट सदस्यहरू कृशु पौडेल, शुसिल गुरुङ, बुद्धिनाथ पाण्डे, भिमबहादुर खड्का, दावा छिरिङ शेर्पालाई सम्मानपत्रबाट सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष टिकाराम सापकोटाको अध्यक्षता एवम् सचिव सोमबहादुर थापाद्वारा सञ्चालित कार्यक्रममा संस्थाका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक भोजकुमार श्रेष्ठले स्वागत तथा सहकारीका सात सिद्धान्त वाचन गर्नुभएको थियो ।

सचिव थापाका अनुसार हाल संस्थामा एक हजार ९२९ जना शेयर सदस्य एवम् शेयर पुर्जी छ करोड एक लाख रुपैयाँ रहेको छ । संस्थाको कुल वासलत २७ करोड ४५ लाख रुपैयाँ रहेको र संस्थाले १८ करोड ८५ लाख निक्षेप संकलन गरी १८ करोड ३१ लाख ऋण परिचालन गरेको उहाँले जानकारी दिनुभयो । साधारणसभाले सचिव थापाद्वारा प्रस्तुत सचिवको प्रतिवेदन, लेखा सुपरिवेक्षण समिति संयोजक ईश्वरीप्रसाद पौडेलद्वारा प्रस्तुत लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, लेखा परीक्षणको प्रतिवेदन र कोषाध्यक्ष लिला भट्टराईद्वारा प्रस्तुत वार्षिक बजेट प्रस्ताव पारित गरेको छ । कार्यसमिति सदस्य एवम् विनियम उपसमिति संयोजक रामचन्द्र शर्माले संस्थाका विभिन्न विनियम निर्माणका लागि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा साधारणसभाले सर्वसम्मत पारित गरेको छ ।

उक्तअवसरमाऋणउपसमिति संयोजक जीवनराज सापकोटाले ऋण लगानी र असुलीको बारेमा सदस्यहरूलाई प्रष्ट पार्नुभएको थियो ।

कार्यक्रममा संस्थाका सल्लाहकारहरू डम्बरबहादुर के.सी., गणेशबहादुर भट्टराई, बिष्णुबहादुर गुरुङ, कानुनी सल्लाहकार दामोदर अधिकारी, जिल्ला सहकारी संघका प्रतिनिधि मैना देबी रावतले बोल्नुभएको थियो ।

# मुस्ताङमा स्याउ कुहिएर क्षति बेहोर्नुपर्ने समस्या हट्यो

पोखरापत्र संवाददाता
मुस्ताङ १ पुस

मुस्ताङमा स्याउ भण्डारणका लागि चिस्यान गृह प्रभावकारी बनेको छ ।

चिस्यान गृह निर्माण भएपछि याममा व्यापारीले भनेको मूल्यमा बेच्नुपर्ने र बढी मूल्य पार्न लामो समय खुला ठाउँमा भण्डारण गरेर राख्दा स्याउ कुहिएर क्षति बेहोर्नुपर्ने समस्या हटेको छ। सुरक्षित भण्डारण गर्ने सुविधा भएपछि भनेको मूल्य र बजार दुवै पाएको घरपझोङ गाउँपालिका-२ मार्फाका कृषक वुद्धिमान लालचनले बताउनुभयो । “असोजमा टिपेर चिस्यानगृहमा राखेको स्याउ जेठसम्म केही भएन”, उहाँले भन्नुभयो, “याममा प्रतिकिलो रु एक सय ५० सम्म पर्ने स्याउ बेसिजनमा प्रतिकिलो रु दुई सय ५० सम्म बिक्री भयो”, लालचनले १० मेट्रिक टन क्षमताको चिस्यानगृहमा स्याउ भण्डारण गर्नुभएको छ ।

चिस्यानगृहमा असोजदेखि चैतसम्म स्याउ राख्दा पनि गुणस्तर, आकार र तौलमा कुनै फरक नआउने मार्फाका कृषक विश्व लालचनले बताउनुभयो । “चिस्यानगृह नहुँदा घरको कोठा, चिसो ठाउँमा स्याउ थुपारेर भण्डारण गर्नुपर्दथ्यो”, उहाँले भन्नुभयो, “त्यसरी राख्दा तापक्रम नमिलेर कुहिने गरेको थियो”, बिक्री नहुने स्याउ घोडा, खच्चर, गाईगोरुलाई खुवाउने गरेका थिए ।

मुस्ताङमा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन र स्थानीय तहहरूले करिब तीन सय मेट्रिक टन क्षमताको दशवटा चिस्यानगृह निर्माण गरेका छन् । सबै चिस्यानगृहमा बेमौसममा बेच्नका लागि स्याउ राखिएको छ। वातावरण अनुकूल बनाउन उपकरण जडान भएको चिस्यानगृहमा भण्डारण गर्दा बजार नपाउने समस्या हट्नुका साथै बढी मूल्यमा बिक्री गर्न पाएका हुन् । मुस्ताङमा प्रभावकारी भएकाले कोल्ड स्टोरको माग बढी रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोनका प्रमुख भरतराज गौतमले बताउनुभयो ।

मुस्ताङको मार्फा, सौरु, चोखोपानी, चिमाङ, कोवाङ, टुक्चे, जोमसोम, कागबेनी, पाक्लिङ, लुप्रा, ताम्बे, छुक्साङ, चैले आदि गाउँमा स्याउको राम्रो खेती गरिन्छ । यहाँका घरपझोङ र वारागुङमुक्ति स्याउका पकेट क्षेत्र हुन् । रु ८२ करोड बराबरको स्याउ मुस्ताङबाट पोखरा, काठमाडौंलगायत बाहिरी जिल्लामा निकासी गरे भने बाँकी रु १० करोड मूल्य बराबरको स्याउ मुस्ताङ भ्रमणमा आएका पर्यटकले किनेर लगेका कृषि ज्ञान केन्द्रले जनाएको छ । वरिष्ठ कृषि प्रसार अधिकृत राजेश गुरुङले यस वर्ष छ सय हेक्टर उत्पादनशील क्षेत्रमा लगाइएका स्याउका बोटमा सात हजार तीन सय २९ मेट्रिक टन स्याउ उत्पादन भएको बताउनुभयो । गत वर्षको तुलनामा यस वर्ष ३५ प्रतिशत स्याउ उत्पादन वृद्धि भएको छ। उच्च घनत्वको स्याउको बारीमै प्रतिकेजी रु दुई सय र अन्य स्याउ बारीमा प्रतिकेजी रु एक सय ६० मा बिक्री भएको हो ।

छिटो पाक्ने उच्च घनत्वमा आधारित (हाइडेन्सिटी रहेको हाइब्रिड) जातको स्याउ खेती विस्तार भएको, रोगव्याधि व्यवस्थापन भएको र अनुकूल मौसमका कारण यस वर्ष स्याउ उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्रका प्रमुख गुरुङले बताउनुभयो ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, कास्की, पोखरा

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८१/०९/०२**

**यस कार्यालयबाट मिति २०८१।०६।२१ को बोलपत्र आव्हानको सूचना नं.** LIDPO/PKR/IFB/WORKS/07/081–82 **को ठेक्का नं.** LIDPO/PKR/W/NCB/104/081–82 **को लागि विद्युतीय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सारभूत रुपमा प्रभावग्राही भएका प्रस्तावहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) बमोजिम खोलिने सम्बन्धी विवरण** https://doli.gov.np/doligov/ **मार्फत प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।**

**आवश्यकता**

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत कक्षा ९-१० को अनुदान कोटामा रिक्त प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८१/०९/०१ को चलानी नं. ४८८ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०३/०८१/०८२ | प्रशिक्षक | कक्षा (९-१०) | कृषि (बाली विज्ञान) | नि.मा.वि. तृतीय | १ | अस्थायी करार |

१. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा आई.एस्सी.एजी. उत्तीर्ण गरेको हुनुपर्ने ।
२. छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
३. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।
४. दरखास्त दस्तुरः रु १,५००।– तिरेको सक्कल रसिद ।
५. दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८१ पौष १५ गते कार्यालय समयभित्र ।
६. तलब स्केलः नेपाल सरकारको नियमानुसार ।
७. परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-४४४१५५**